नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गाईघाट, उदयपुर
प्रदेश नं. १, नेपाल
०३५-४२०१३३
०३५-४२०१३२
०३५-४२०१३१
०३५-४२०७८७

पत्र संख्याः
चलानी नम्बरः

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
उदयपुर

## २०७७ असोज १ गते बसेको DCCMC को बैठकबाट निर्णय भए अनुसार जारी गरिएको सूचना ।

१. **कोभिड- १९ संक्रमण रोकथाम, नियन्त्रण तथा प्रतिकार्यमा सर्वसाधारणको व्यवहार, आचरण तथा अत्यावश्यक काम परी हिडडुल गर्दा अपनाउनु पर्ने मापदण्डः**

- यो संक्रमित व्यक्ति विरुद्धको लडाई हैन संक्रमण विरुद्धको लडाई हो । त्यसैले संक्रमण फैलन नदिन सचेततापूर्वक मानवीय व्यवहार गर्ने ।
- संक्रमित व्यक्तिबाट अन्य व्यक्तिमा संक्रमण सर्न नदिन स्वास्थ्य सुरक्षा मापदण्ड अनुकूल आचरण गर्ने ।
- संक्रमित व्यक्तिलाई अपमान वा दुर्व्यवहार गर्न नदिने ।
- अत्यावश्यक काम नपरी हिडडुल नगर्ने ।
- हिडडुल गर्नुपर्दा अनिवार्य रूपमा मास्कको प्रयोग गर्ने ।
- भिडभाड भएका ठाउँहरूमा नजाने, जानै पर्ने आवश्यक भएको ठाउँमा जाँदा, सवारी साधनमा यात्रा गर्दा, कार्यालयबाट सेवा लिँदा, हाट बजार/पसल गई सामान खरीद गर्दा अनिवार्य भौतिक दुरी कायम गर्ने ।
- कुनै वस्तु तथा सामग्री छोए वा प्रयोग गरे पछि अनिवार्य साबुन पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने ।
- स्वास्थ्य तथा सुरक्षा सम्बन्धी मापदण्डको अनिवार्य पालना गर्ने ।

२. **सवारी साधन सम्बन्धी मापदण्ड**

२.१ **बस सञ्चालकले पालना गर्नुपर्ने मापदण्ड**

- सवारी साधन चलाउनु पूर्व र प्रत्येक ट्रिप पश्चात अनिवार्य सवारी निसंक्रमित गर्ने ।
- हेन्ड सेनिटाइजरको व्यवस्था अनिवार्य गर्ने ।
- सिट क्षमता भन्दा ५०% कम यात्रु राखी संचालन गर्ने ।
- जानकारी मुलक स्टिकर/पम्प्लेटहरू सबैले देख्ने गरी सवारी साधनमा राख्ने तथा संचार माध्यमबाट जानकारी गराउने ।
- सवारी चालक र सह-चालकले अनिवार्य मास्क, ग्लोव्स र चस्मा प्रयोग गर्ने ।
- भाडा उठाउने बहानामा सह-चालक पटक पटक अगाडि पछाडि नगर्ने । सोको लागि अग्रिम टिकट लिने वा सवारी साधनबाट झर्ने बेलामा मात्र पैसा उठाउने व्यवस्था गर्ने ।
- मास्क प्रयोग नगर्ने यात्रुलाई सवारी साधन भित्र प्रवेश नगराउने ।
- सवारी भाडा उठाउँदा विद्युतीय कारोबारलाई प्रोत्साहन गर्ने ।
- लामो दुरीको सवारी यात्रामा यात्रुहरू शुरु स्थानबाट सिधै निश्चित गन्तब्य सम्म पुर्याउने र बीचमा ओह्राल्ने वा बीच बाटोवाट यात्रुहरू चडाउने नगर्ने ।

२०७७।६।२

शशि कुमार लम्साल

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
गाईघाट, उदयपुर
०३५-४२०१३३
०३५-४२०१३२
०३५-४२०१३१
०३५-४२०७८७
प्रदेश नं. १, नेपाल

पत्र संख्याः
चलानी नम्बरः

- लामो दुरीको वसमा यात्रुहरूको नाम, ठेगाना, चडेको स्थान, ओर्लेको स्थान र सम्पर्क नं. खुल्ने यात्रु रेकर्ड पुस्तिका तयार गरी अपडेट गर्ने ।
- सम्बन्धित बस संचालकले कोभिड-१९ को रोकथाम गर्न आवश्यक अन्य उपायहरू समेत अबलम्वन गर्ने ।
- माथि उल्लेखित कुराहरू पालना भए नभएको अनुगमन यातायात व्यवस्था कार्यालय र ट्राफिक प्रहरीले गर्ने ।

**२.२ यात्रुले पालना गर्नुपर्ने मापदण्ड**

- सवारी यात्रामा सही रूपले अनिवार्य मास्कको प्रयोग गर्ने ।
- बस चड्दा र ओर्लदा सेनिटाइजर प्रयोग गर्ने ।
- बसमा चड्दा, सिटमा बस्दा र ओर्लदा भौतिक दुरी अनिवार्य कायम गर्ने ।
- सवारी भाडा तिर्दा सकेसम्म विद्युतीय कारोवार गर्ने वा खुद्रा पैसाको प्रयोग गर्ने ।
- गन्तव्य अनुसारको फरक फरक स्थानबाट फरक फरक समयमा बस/अन्य गाडी छुट्ने हुँदा आफ्नो गन्तव्य अनुसारको बस पार्क यकिन गरेर यात्रा गर्ने ।
- लामो यात्रामा खाना तथा पानी यात्रु स्वयमले व्यवस्था गर्ने । राजमार्गमा मापदण्ड बमोजिम संचालित होटलहरूबाट प्याकेट खाना तथा पानी लिँदा भौतिक दुरी कायम गरी खुद्रा पैसा वा विद्युतीय कारोबार गर्ने ।
- सम्बन्धित यात्रुले कोभिड-१९ को रोकथाम गर्न आवश्यक अन्य उपायहरू समेत अबलम्वन गर्ने ।

**३. सेवा प्रदान गर्दा अपनाउनु पर्ने मापदण्ड**

**३.१ सेवा प्रदायक संस्थाहरूले गर्नुपर्ने मापदण्ड**

- प्रवेशद्वारमा जानकारीमूलक होर्डिङ्ग बोर्ड राख्ने, अनिवार्य हात धुने साबुन पानी र सेनिटाइजरको व्यवस्था मिलाउने ।
- सबै कार्यालयहरूले अनिवार्य IR Thermometer बाट सेवाग्राहीको शरीरको तापक्रम जाँच गरी ज्वरो आएको व्यक्तिलाई प्रवेश गर्न नदिने ।
- कोभिड-१९ लाई मध्यनजर राखी भौतिक दुरी कायम हुने गरी कार्यालयहरूको सेटअप बदल्ने ।
- हरेक कर्मचारी तथा सेवाग्राहीलाई मास्क बिना प्रवेश निषेध गर्ने, मास्कको प्रयोग गर्ने तथा हर समय भौतिक दुरी अनिवार्य कायम गर्ने ।
- परिसर भित्र बिभिन्न शाखा/काउन्टरमा लाइन बस्दा उभिने स्थान प्रष्ट मार्किङ्ग गरी भौतिक दुरी कायम गराउने र सम्भव भएसम्म टोकन सिष्टम लागू गर्ने ।
- सफाई कर्मचारीको उचित प्रबन्ध सहितको पर्याप्त ट्वाईलेटको व्यवस्था गर्ने ।
- कार्यालय परिसर स्वास्थ्य प्रतिकूलता नहुने गरी नियमित डिसइन्फेक्ट गर्ने ।
- कर्मचारी र सेवाग्राहीलाई आफूलाई आवश्यक पर्ने खाजा, खाना र पिउने पानी घरबाटै ल्याउन प्रोत्साहन गर्ने ।
- सेवाग्राहीको एक कामको फाईल सबैतिर लैजानुको साटो एकद्वार व्यवस्था गर्ने, जस अनुसार एक स्थानमा आवश्यक डकुमेन्ट बुझाए पश्चात सोहि ढोका/कोठाबाटै सबै काम सक्ने प्रबन्ध गर्ने । सेवाग्राहीलाई नै फाइल बोकाएर घुमाउने व्यवस्था अन्त्य गर्ने ।

२०७७।६।१२

शशि कुमार लम्साल
सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गाईघाट, उदयपुर

०३५-४२०१३३
०३५-४२०१३२
०३५-४२०१३१
०३५-४२०७८७
प्रदेश नं. १, नेपाल

पत्र संख्याः
चलानी नम्बरः

- भौतिक रूपमा उपस्थित नभइकन गर्न मिल्ने कार्यालयका आन्तरिक बैठकहरू यथा स्थानमा नै रहेर प्रविधिको प्रयोग गरी संचालन गर्ने ।
- रकमको कारोबार गर्नुपर्ने कार्यालयहरू/शाखाहरूले इ-पेमेन्टमा जोड दिने ।

**३.२ सेवाग्राहीहरूले गर्नुपर्ने मापदण्ड**

- प्रवेशद्वारमा राखिएका जानकारीमूलक होर्डिङ्बोर्ड अध्ययन गर्ने र अनिवार्य हात धुने ।
- मास्कको अनिवार्य प्रयोग गर्ने ।
- भौतिक दुरी कायम गर्ने ।
- सकेसम्म विद्युतीय कारोबार गर्ने र खुद्रा पैसाको प्रयोग गर्ने ।
- टोकन भएका कार्यालयहरूमा टोकनको प्रयोग गर्ने ।
- सेवा लिँदा संयमित रूपमा धैर्यतापूर्वक आफ्नो पालोको प्रतिक्षा गर्ने, अनावश्यक भिडभाड र होहल्ला नगर्ने ।

**४. पसल तथा सपिङ्ग मल संचालन सम्बन्धी मापदण्ड**

**४.१ पसल तथा सपिङ्ग मल संचालकले पालना गर्नुपर्ने मापदण्ड**

- पसल तथा मलहरूको प्रवेशद्वारमा सूचनामूलक जानकारीहरू राख्ने ।
- हरेक पसल/युनिट/तल्लामा हात धुने साबुन पानी र स्यानेटाइजरको अनिवार्य व्यवस्था गर्ने ।
- मास्क नलगाएको उपभोक्तालाई पसल तथा सपिङ मलमा प्रवेश गर्न नदिने ।
- मलहरूले अनिवार्य IR Thermometer बाट उपभोक्ताको शरीरको तापक्रम जाँच गरी ज्वरो आएको व्यक्तिलाई प्रवेश गर्न नदिने ।
- पसल तथा सपिङ मलमा लाईन बस्दा उभिने स्थान प्रष्ट मार्किङ्ग गरी भौतिक दुरी कायम गराउने र संभव भएसम्म टोकन सिष्टम लागु गर्ने ।
- सम्भव भएसम्म विद्युतीय कारोवार गर्ने व्यवस्था मिलाउने ।
- सम्भव भएसम्म अनलाईन/टेलि अर्डर र होम डेलिभरीमा जोड दिने ।
- मल/बजार व्यवस्थापन समितिले कोभिड-१९ मोनिटरिङ्ग टिमको गठन गर्ने र कोभिड-१९ रोकथाम प्रतिकार्य र नियन्त्रण जिल्ला/पालिका स्तरीय CCMC सँग सम्पर्कमा रहने ।
- सरकारद्वारा जारी गरिएका अन्य स्वास्थ्य तथा सुरक्षा सम्बन्धी मापदण्ड पालना गर्ने गराउने ।
- सम्बन्धितहरूले कोभिड-१९ को रोकथाम गर्न आवश्यक अन्य व्यवस्था गर्ने ।

**४.२ उपभोक्ताहरूले पालना गर्नुपर्ने मापदण्ड**

- प्रवेशद्वारमा जानकारीमूलक सूचना अध्ययन गर्ने र अनिवार्य हात धुने ।
- मास्कको अनिवार्य प्रयोग गर्ने ।
- भौतिक दुरी कायम गर्ने ।
- सकेसम्म विद्युतीय कारोबार गर्ने र खुद्रा पैसाको प्रयोग गर्ने ।
- टोकन भएका कार्यालयहरूमा टोकनको प्रयोग गर्ने ।
- सेवा लिँदा संयमित रूपमा धैर्यतापूर्वक आफ्नो पालोको प्रतिक्षा गर्ने, अनावश्यक भिडभाड र होहल्ला नगर्ने ।

२०७७।६।२

शशि कुमार लम्साल
सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
गाईघाट, उदयपुर

०३५-४२०१३३
०३५-४२०१३२
०३५-४२०१३१
०३५-४२०७८७
प्रदेश नं. १, नेपाल

पत्र संख्याः
चलानी नम्बरः

- अनावश्यक रुपमा सामानहरु छुने/चलाउने नगर्ने ।
- कोभिड-१९ को रोकथाम गर्न आवश्यक अन्य उपायहरू अवलम्बन गर्ने ।

**५. होटल, गेष्ट हाउस तथा रेष्टुरेन्ट संचालन सम्बन्धी मापदण्ड**

**५.१ होटल, गेष्ट हाउस तथा रेष्टुरेन्ट संचालकको मापदण्ड**

- होटल संचालनपूर्व पर्याप्त सुरक्षात्मक उपायहरू रहेको एकिन गरेर मात्र होटल संचालन गर्ने ।
- प्रवेशद्वारमा कोभिड-१९ सम्बन्धी सूचनामूलक जानकारीहरू राख्ने ।
- मूल गेट/युनिट/तल्लामा हात धुने साबुन पानी र स्यानिटाईजरको अनिवार्य व्यवस्था गर्ने ।
- मास्क नलगाएको ग्राहकलाई प्रवेश गर्न नदिने ।
- गेष्ट हाउसमा अनिवार्य IR Thermometer बाट ग्राहकहरूको शरीरको तापक्रम जाँच गरी ज्वरो आएको व्यक्तिलाई प्रवेश गर्न नदिने ।
- खाने स्थानमा समेत सामाजिक दुरी कायम गराउने ।
- प्याक गरिएका खानाको व्यवस्थामा जोड दिने ।
- विद्युतीय कारोबारमा (ई-पेमेण्ट) जोड दिने ।
- रेष्टुरेण्ट मै बसेर खाने भएमा सम्भव भएसम्म डिस्पोजेबल सामान (प्लेट/गिलास/कचौरा/ चम्चा) प्रयोग गर्ने वा पुनः प्रयोग गर्ने भाँडा वर्तनहरू राम्रोसँग निर्मलीकरण गरेर मात्र प्रयोग गर्ने ।
- सरकारद्वारा जारी गरिएका अन्य स्वास्थ्य तथा सुरक्षा सम्बन्धी मापदण्ड पालना गर्ने गराउने ।
- कोभिड-१९ को रोकथाम गर्न आवश्यक अन्य व्यवस्था अवलम्बन गर्ने ।

**५.२ होटल, गेष्ट हाउस तथा रेष्टुरेन्टमा आउने ग्राहकले पालना गर्नुपर्ने मापदण्ड**

- प्रवेशद्वारमा जानकारीमूलक सूचना अध्ययन गर्ने र अनिवार्य हात धुने ।
- मास्कको अनिवार्य प्रयोग गर्ने ।
- भौतिक दुरी कायम गर्ने ।
- खुद्रा पैसाको प्रयोग गर्ने ।
- खाना/खाजा लिँदा आफ्नो पालोको प्रतिक्षा गर्ने, अनावश्यक भिडभाड र होहल्ला नगर्ने ।
- प्याक गरिएका खानाको खरीद गरी सुरक्षित स्थानमा भौतिक दुरी कायम गरी खाने ।
- सरकारद्वारा जारी गरिएका अन्य स्वास्थ्य तथा सुरक्षा सम्बन्धी मापदण्ड पालना गर्ने ।
- कोभिड-१९ को रोकथाम गर्न आवश्यक अन्य उपायहरू अवलम्बन गर्ने ।

**६. हाट बजार संचालक/बजार व्यवस्थापन समिति मापदण्ड**

**६.१ हाट बजार संचालक/बजार व्यवस्थापन समिति व्यापारीको मापदण्ड**

- हाट बजारका स्टलहरू एकै स्थानमा नराखेर खुल्ला ठाउँमा कम्तिमा ७-७ मिटरको दुरीमा राख्न लगाउने ।
- स्टल राख्ने स्थानहरू तथा स्टल अगाडी उपभोक्ता लाइन बस्ने स्थानहरूमा भौतिक दुरी कायम हुनेगरी मार्क गर्ने ।

२०७७।६।१२

शशि कुमार लम्साल
सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
गाईघाट, उदयपुर
०३५-४२०१३३
०३५-४२०१३२
०३५-४२०१३१
०३५-४२०७८७
प्रदेश नं. १, नेपाल

पत्र संख्याः
चलानी नम्बरः

- मास्कको प्रयोग, सामाजिक दुरी, हात धुने, स्यानिटाइजर र डिसइन्फेक्सन पसलहरूमा गर्ने व्यवस्था मिलाउने ।
- कोभिड-१९ को रोकथाम तथा नियन्त्रण गर्न अन्य उपायहरू अवलम्बन गर्ने ।

६.२. **उपभोक्ताले पालना गर्नुपर्ने मापदण्ड**

- प्रवेशद्वारमा जानकारीमूलक सूचना अध्ययनय गर्ने र अनिवार्य हात धुने ।
- मास्कको अनिवार्य प्रयोग गर्ने ।
- भौतिक दुरी कायम गर्ने ।
- खुद्रा पैसाको प्रयोग गर्ने ।
- सेवा लिंदा संयमित रूपमा धैर्यतापूर्वक आफ्नो पालोको प्रतिक्षा गर्ने, अनावश्यक भिडभाड र होहल्ला नगर्ने ।
- कोभिड-१९ को रोकथाम गर्न आवश्यक अन्य उपायहरू अवलम्बन गर्ने ।

७. **उपलब्धता र उपयुक्तताको आधारंमा दूर शिक्षा लगायतका वैकल्पिक सिकाइका माध्यमबाट शिक्षण तथा सिकाइ कार्यलाई निरन्तरता दिने ।**

८. **देहाय बमोजिमका सेवा र कार्यहरू अर्को सूचनाबाट तोकिएको मितिदेखि सञ्चालन गर्ने ।**

क. शैक्षिक संस्थाहरू (विद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम केन्द्र)
ख. शैक्षिक र अन्य परीक्षा सञ्चालन
ग. सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार
घ. सबै प्रकारका प्रदर्शन, भेला तथा सम्मेलन
ङ. सिनेमा हल, पार्टीप्यालेस, डान्सबार लगायतका मनोरञ्जन स्थल
च. सैलुन, ब्युटिपार्लर तथा स्पा
छ. स्वीमिङपुल, जिमखाना लगायत हेल्थ क्लव
ज. समूहमा खेलिने खेलकुद र खेल मैदानमा हुने प्रस्तुति
झ. अन्तर्राष्ट्रिय खेलकुदका प्रशिक्षण तथा प्रारम्भिक चरणका खेल
ञ. सबै प्रकारका धार्मिक तथा सामाजिक स्थल
ट. पुस्तकालय, संग्रहालय र चिडियाखाना

९. **नेपाल सरकारले जारी गरेको आदेश र लागू गरेका व्यवस्थाहरूको पालना गरी कोभिड-१९ संक्रमणको रोकथाम, नियन्त्रण र उपचार कार्यमा साथ दिनुभएकोमा धन्यवाद प्रकट गर्दै जनस्वास्थ्यको रक्षाका लागि यात्रा गर्दा वा पेसा व्यवसाय सञ्चालन गर्दा स्वास्थ्य र सुरक्षाका सबै मापदण्डहरू कडाईका साथ पूर्ण पालना गर्न/गराउन अनुरोध गरिन्छ ।**

२०७७।६।२

**शशि कुमार लम्साल**
सहायक प्रमुख जिल्ला अधिकारी